## जिल्ला शिक्षा कार्यालयहरुलाई सूचना

१ जिल्ला शिक्षा कार्यालयहरुले दरखास्त संकलनका लागि कम्तिमा अधिकृत स्तरको कर्मचारीको नेतृत्वमा तीन सदस्यीय कार्यटोली तोकी तत्काल काममा लगाउनु पर्नेछ । दरखास्त संकलन स्थल जिल्ला शिक्षा कार्यालय वा पायक पर्ने उपयुक्त स्थानमा राख्न सकिनेछ ।

२ उम्मेदवारहरुको दरखास्त दर्ता गर्दा प्राथमिक तहमा एउटै दर्ता किताव र निम्नमाध्यमिक तथा माध्यमिक तहमा विषयगत दर्ता किताब तयार गरी अलग अलग दर्ता गर्नुपर्ने छ । दरखास्त दर्ता कितावको ढाँचा निम्नानुसारको हुनेछ ।

तह :　　　　　　　　　　　　　　विषय : (नि.मा.वि. र मा.वि.का हकमा)

| सि नं. | दर्ता नं. | रोल नं. | उम्मेदवारको नाम, थर | लिङ्ग | दरखास्त स्वीकृत भएको समूह | | | | | | | | | जम्मा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | खुला | महिला | दलित महिला | मुस्लिम महिला | आदिवासी जनजाति | मधेशी | दलित | अपाङ्ग | पिछडिएको क्षेत्र | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

३ कुनै पनि दरखास्त फाराम सर्त राखी स्वीकृत हुनेछैन ।

४ कुनै उम्मेदवारले एकभन्दा बढी तहमा दरखास्त दिन चाहेमा प्रत्येक तहका लागि अलग अलग दरखास्त पेश गर्नुपर्नेछ तर एउटै तहमा खुला र समावेशीतर्फ उम्मेदवार बन्नका लागि एउटै दरखास्त फाराम भरी आफू उम्मेदवार बन्न चाहेका विभिन्न समूहका बारेमा दरखास्त फाराममा स्पष्ट रुपमा खुलाई सोही बमोजिमको राजस्व दस्तुर बुझाए पुग्नेछ । प्रत्येक समूहका लागि छुट्टाछुट्टै राजस्व दस्तुर लाग्नेछ । समावेशीतर्फ आदिवासी/जनजाति, मधेशी, दलित समूहमा दरखास्त दिने उम्मेदवारले खुला बाहेक उपर्युक्त तीनमध्ये कुनै एक समूहमा मात्र फाराम भर्न पाउनेछ तर महिलाका हकमा एकभन्दा बढी समावेशी समूहमा दरखास्त फाराम भर्न पाइनेछ ।

५ दरखास्त फाराम रुजु गर्दा आवश्यक कागजात पूरा भएको पाइएमा सकभर सोही समयमा दरखास्त स्वीकृत गरी प्रवेशपत्र दिनुपर्नेछ ।

६ एक भन्दा बढी दरखास्त संकलन केन्द्र भएमा उम्मेदवारको रोल नं. नदोहोरिने गरी आन्तरिक रुपमा आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

७ २०६९ कार्तिक २२ गतेसम्म तालिम पूरा गर्ने गरी अध्यापन अनुमतिपत्र लिएका र तोकिएको अवधिभित्र तालिम पूरा गरेका व्यक्तिहरुबाट आवश्यक कागजात माग गरी स्थायी अध्यापन अनुमतिपत्र तयार गर्ने काम भईरहेको सन्दर्भमा त्यस्ता उम्मेदवारहरुले २०६९ कार्तिक २२ अघि नै तालिम पूरा गरी कागजात सहित निवेदन पेश गरेको र सोही जिल्लामा दरखास्त पेश गर्ने भए पेश भएको कागजातको आधारमा दरखास्त स्वीकृत गर्न सकिनेछ । अन्य जिल्लामा दरखास्त दिने भए सो अध्यापन अनुमतिपत्र पेश गरेको जिल्लाबाट अध्यापन अनुमतिपत्रका प्रतिलिपि झिकाइ तालिम पूरा गरेको प्रमाण (ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणपत्र) पेश गरेमा दरखास्त स्वीकृत गर्न सकिने छ ।

८ दरखास्त फाराम र परीक्षाको पाठ्यक्रम शिक्षक सेवा आयोगको वेभसाईट www.tsc.gov.np मा हेर्न र डाउनलोड गर्न सकिने छ । उम्मेदवारको सजिलोका लागि जिल्ला शिक्षा कार्यायहरुले दरखास्त फाराम र पाठ्यक्रम आवश्यक सेवा शुल्क लिई उम्मेदवारहरुलाई उपलब्ध गराउन सक्नेछन् ।

९ दरखास्त संकलन लगायत खुला प्रतियोगिताको विज्ञापन सम्बन्धी कुनै समस्या वा जिज्ञासा भएमा आयोगको फोन नं. ०१६६३७८७२, ०१६६३८१५१ र फ्याक्स नं. ०१६६३८९२५ मा सम्पर्क गर्न सकिने छ ।

१० रोल नं. कायम गर्दा २ अंकको जिल्लाकोड, १ अंकको तहकोड, २ अंकको विषयकोड र अन्तमा ५ अंकको परीक्षार्थी रोल नं. गरी जम्मा १० अंकको रोल नं. निम्नानुसार कायम गर्नुपर्ने छ ।

**जस्तैः ललितपुर जिल्लाको माध्यमिक तहको अंग्रेजी विषयको रो.नं. कायम गर्दा**

| जिल्ला | तह | विषय | रो.नं. |
|---|---|---|---|
| ३२ | १ | ०२ | ००००१ |

जिल्लाकोड :

| जिल्लाकोड | जिल्ला |
|---|---|
| ०१ | ताप्लेजुङ |
| ०२ | पांचथर |

| जिल्लाकोड | जिल्ला |
|---|---|
| ०३ | ईलाम |
| ०४ | झापा |

| जिल्लाकोड | जिल्ला |
|---|---|
| ०५ | संखुवासभा |
| ०६ | तेह्रथुम |

| जिल्लाकोड | जिल्ला |
|---|---|
| ०७ | धनकुटा |
| ०८ | भोजपुर |
| ०९ | मोरङ |
| १० | सुनसरी |
| ११ | सोलुखुम्वु |
| १२ | खोटाङ |
| १३ | ओखलढुंगा |
| १४ | उदयपुर |
| १५ | सप्तरी |
| **१६** | **सिरहा** |
| १७ | दोलखा |
| १८ | रामेछाप |
| १९ | सिन्धुली |
| २० | धनुषा |
| २१ | महोत्तरी |
| २२ | सर्लाही |
| २३ | सिन्धुपाल्चोक |
| २४ | रसुवा |
| २५ | नुवाकोट |
| २६ | धादिङ |
| २७ | काभ्रेपलान्चोक |
| २८ | भक्तपुर |
| २९ | काठमाडौं |

| जिल्लाकोड | जिल्ला |
|---|---|
| ३२ | ललितपुर |
| ३३ | मकवानपुर |
| ३४ | चितवन |
| ३५ | रौतहट |
| ३६ | वारा |
| **३७** | **पर्सा** |
| ३८ | गोरखा |
| ३९ | मनाङ |
| ४० | लमजुङ |
| ४१ | कास्की |
| ४२ | तनहुँ |
| ४३ | स्याङ्जा |
| ४४ | नवलपरासी |
| ४५ | पाल्पा |
| ४६ | गुल्मी |
| ४७ | अर्घाखाँची |
| ४८ | रूपन्देही |
| ४९ | कपिलवस्तु |
| ५० | मुस्ताङ |
| ५१ | म्याग्दी |
| ५२ | वाग्लुङ |
| **५३** | **पर्वत** |
| ५४ | रूकुम |

| जिल्लाकोड | जिल्ला |
|---|---|
| ५५ | रोल्पा |
| ५६ | सल्यान |
| ५७ | प्यूठान |
| ५८ | दाङ |
| ५९ | हुम्ला |
| ६० | मुगु |
| ६१ | डोल्पा |
| ६२ | कालिकोट |
| ६३ | जुम्ला |
| ६४ | जाजरकोट |
| ६५ | दैलेख |
| ६६ | सुर्खेत |
| ६७ | बाँके |
| **६८** | **बर्दिया** |
| ६९ | बाजुरा |
| ७० | बझाङ |
| ७१ | अछाम |
| ७२ | डोटी |
| ७३ | कैलाली |
| ७४ | दार्चुला |
| ७५ | बैतडी |
| ७६ | डडेलधुरा |
| ७७ | कञ्चनपुर |

तहकोड : माध्यमिक तहको लागि १, निम्नमाध्यमिक तहको लागि २ र प्राथमिक तहका लागि ३ गर्नुपर्नेछ ।

विषयकोड :निम्नमाध्यमिक तथा माध्यमिक तहका लागि

| विषयकोड | विषय |
|---|---|
| ०१ | नेपाली |
| ०२ | अंग्रेजी |
| ०३ | गणित |
| ०४ | विज्ञान |
| ०५ | समाजिक शिक्षा |
| ०६ | स्वास्थ्य जनसंख्या र वातावरण |
| ०७ | स्वास्थ्य जनसंख्या |
| ०८ | भूगोल |
| ०९ | अर्थशास्त्र |
| १० | ऐच्छिक गणित |

| विषयकोड | विषय |
|---|---|
| ११ | स्वास्थ्य शारीरिक |
| १२ | लेखा |
| १३ | कृषि |
| १४ | शिक्षा |
| १५ | नेपाली भाषा |
| १६ | स्वास्थ्य |
| १७ | संस्कृत न्याय |
| १८ | संस्कृत वेद |
| १९ | गणित+विज्ञान |
| २० | संस्कृत व्याकरण |
| २१ | संस्कृत भाषा |

| विषयकोड | विषय |
|---|---|
| २२ | कर्मकाण्ड |
| २३ | ज्योतिष |
| २४ | कम्प्यूटर विज्ञान |
| २५ | पूर्व व्यावसायिक शिक्षा |
| २६ | गृह विज्ञान |
| २७ | वेद व्याकरण |
| २८ | संस्कृत साहित्य |
| २९ | संस्कृत |
| ३० | आर्युवेद |
| ३१ | जनसंख्या वातावरण |
| ५० | प्राथमिक |

११ दरखास्त संकलनको काम पुरा भइसकेपछि दरखास्त स्वीकृत भएका उम्मेदवारहरुको नामावली जिल्ला शिक्षा अधिकारीबाट प्रमाणित गराई एक प्रति जिल्ला शिक्षा कार्यालयको सूचना पाटीमा टाँस गरी अर्को प्रति छिटो साधनबाट शिक्षक सेवा आयोगमा पठाई दिनु पर्नेछ ।

१२ दरखास्त फाराम संकलनको व्यवस्था मिलाउन आवश्यक निर्देशन तथा समन्वयका लागि सबै क्षेत्रीय शिक्षा निर्देशनालयहरुलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।